# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
(शिक्षा युवा तथा खेलकुद शाखा)

पत्र संख्या:०७५।०७६
चलानी नं.: २०५ १२

१ नं.प्रदेश, नेपाल
मिति:२०७६।०२।२१

**विषय :- सहभागिता सम्बन्धमा ।**

श्री सिद्धिचरण नगरपालिकास्थित सबै माध्यमिक विद्यालयहरु,
ओखलढुंगा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व.०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यही मिति:२०७६ साल असार ५ देखि ७ गतेसम्म स्थानीय खेल मैदान ओखलढुङ्गामा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिने भएकोले सो प्रतियोगितामा त्यस विद्यालयबाट सहभागिताका लागि अनुरोध गरिन्छ ।

**उक्त प्रतियोगितामा सहभागि हुने विद्यालयले पालना गर्नपर्ने शर्तहरु तपसिल बमोजिम हुनेछन-**

१. प्रतियोगिताका सहभागिहरु १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु हुनु पर्नेछ ।
२. प्रतियोगिताका सहभागीहरुले अनिवार्य रुपमा आफ्नो जन्म दर्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
३. प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसूची १ बमोजिमको फारम अनिवार्यरुपमा भरी सम्वन्धित विद्यालयको प्र.अ.लाई प्रमाणित गराई मिति: २०७६।३।४ गते सम्ममा यस कार्यालयमा पेश गर्नु पर्नेछ र प्र.अ.ले प्रमाणित गरेको बिवरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्र.अ.स्वयम जिम्मेवार हुनु पर्नेछ ।
४. प्रतियोगितामा सहभागि खेलाडीको पोशाक, विद्यालयको झण्डा र प्रतियोगितामा सहभागी हुने सम्वन्धित विद्यालयका खेलाडीहरुको यातायात, खाना, वास लगायतका अन्य सम्पूर्ण खर्च विद्यालय आफैले व्यवस्था गर्नु पर्नेछ ।
५. प्रतियोगितामा टिम गेममा भाग लिने खेलाडीले एथ्लेटिक्समा भाग लिन पाउने छैन । साथै एथलेटिक्स तर्फ एक ट्र्याक दुई फिल्ड वा एक फिल्ड दुई ट्र्याकमा मात्र सहभागी हुन पाइनेछ ।
६. प्रतियोगितामा सहभगि हुने विद्यालयलाई व्यवस्थापन खर्च वापत एकमुष्ट रुपमा रु.१०,०००।- (दश हजार) उपलब्ध गराइनेछ ।
७. प्रतियोगिताका सहभागी विद्यार्थीले भर्नुपर्ने फाराम र प्रतियोगितामा खेलाइने खेलहरुको बिवरण यसैसाथ संलग्न छ ।

यस सम्बन्धमा थप जानकारी लिनु परेमा निम्न व्यक्तिहरुको सम्पर्क नम्बरमा फोन गर्न सकिनेछ ।

- नइन्द्रराज राई ९८४२८७८३३३, ९७५३००२२१०
- उमेश कार्की ९८६२८०८२९०, ९७४१०२२१५९
- रुपलाल तामाङ ९८४१००२६८३, ९७४३०२४०६८,

नइन्द्र राज राई
शाखा अधिकृत

## प्रतियोगितामा समावेश हुने खेलहरु

| खेलको नाम | खेलाडी संख्या |
|---|---|
| **१.भलिबल** | |
| छात्र | ९ |
| छात्रा | ९ |
| **२.कबड्डी** | |
| छात्र | ९ |
| छात्रा | ९ |
| **३.एथ्लेटिक्स** | |
| **(क) दौड (ट्र्याक तर्फ):** | |
| **छात्र** १०० मि, २०० मि, ४०० मि., ८०० मि., १५०० मि., ३००० मि. ४×१०० मि. रिले र ४×४०० मि.रिले | |
| **छात्रा** १०० मि, २०० मि, ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४×१०० मि. रिले र ४×४०० मि. रिले | |
| **(ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ:** | |
| **छात्र:** हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ् थ्रो ८०० ग्राम र सटफुट १२ पाउण्ड । | |
| **छात्रा:** हाइजम्प, लङ्गजम्प, त्रिपलजम्प, ज्याभलिङ् थ्रो ६०० ग्राम र सटफुट ८ पाउण्ड । | |
| **४.मार्सल आर्ट तर्फ:** | |
| **(क) कराँते (सितेरिया):** | |
| **छात्र:** u - ४२ केजी, छात्र u - ४७ केजी, छात्र u - ५२ केजी, | |
| **छात्रा:** u - ४० केजी, छात्र u - ४५ केजी, छात्र u - ५० केजी, | |
| **(ख) तेक्वान्दो:** | |
| **छात्र** u - ४५ केजी, छात्र u - ४८ केजी, छात्र u - ५१ केजी, | |
| **छात्रा** u - ४२ केजी, छात्र u - ४४ केजी, छात्र u - ४६ केजी, | |

सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा २०७३

### अनुसूची - १

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम

दफा ४ को उपदफा (१) र उपदफा (६), दफा (६) को उपदफा (१) र दफा ८ को उपदफा (१) संग सम्बन्धित)

(१) सहभागी विद्यार्थीको नाम:

(२) विद्यालयको नाम ठेगाना:

(३) अध्ययनरत कक्षा:

(४) जन्म मिति:

(५) सहभागी हुने खेल:

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

उल्लेखित व्यहोरा ठिक साचो हो भनी प्रमाणित गर्ने,

प्रधानाध्यापकको नाम:

हस्ताक्षर:

मिति:

मोवाइल फोन नं.:

विद्यालयको छाप:

मिति:

नरेन्द्र राज राई
शाखा अधिकृत

नोटः यो फारम सहभागी खेल र खेलाडी संख्याको आधारमा यस कार्यालयबाट नि:शुल्क उपलव्ध हुनेछ ।